# भैरबी गाउँपालिकाको आर्थिक ऐन, २०८३

**प्रस्तावना:** भैरबी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वान्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भैरबी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "भैरबी आर्थिक ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. सम्पत्ति कर: गाउँपालिकाको क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने र असुलउपर गरिनेछ ।

३. भुमिकर (मालपोत): गाउँपालिकाको क्षेत्रभित्र अनुसूची (२) बमोजिम भुमिकर (मालपोत) लगाइने र असुलउपर गरिनेछ ।

४. घर बहाल कर: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, विद्यालय, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५. व्यवसाय कर: गाउँपालिकाको क्षेत्रभित्र व्यवसाय वा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुलउपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु कर: गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकर, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुलउपर गरिनेछ ।

७. सवारी साधन कर: गाउँपालिकाको क्षेत्रभित्र दर्ता भई सञ्चालन हुने अटो रिक्सा, ई रिक्सा जस्ता सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुलउपर गरिनेछ ।

८. विज्ञापन कर: गाउँपालिकाको क्षेत्रभित्र विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असुलउपर गरिनेछ ।

९. मनोरञ्जन कर: गाउँपालिकाको क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुलउपर गरिनेछ ।

१०. बहाल बिरौटी शुल्क: (१) गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट वजार वा पसलमा अनुसूची (९) बमोजिम बहाल बिरौटी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति आफैले निर्माण गरेका कानून बमोजिम स्वामित्व प्राप्त नगरेका ऐलानी वा पर्ति जग्गामा बनेको संरचनाको लागि अनुसूची (९) बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

रिता कुमारी शाही
अध्यक्ष

(३) उपदफा (२) बमोजिम निर्माण भएको संरचनामा कुनै प्रकारको व्यापार व्यवसाय सञ्चालन भएको रहेछ भने उपदफा (२) मा उल्लेख भएको बहाल बिटौरी शुल्कका अतिरिक्त अनुसूची (४) मा उल्लेख भएको व्यवसाय करको दर बमोजिम थप बहाल बिटौरी शुल्क लगाइने र असुलउपर गरिनेछ ।

११. <u>पार्किङ शुल्कः</u> गाउँपालिकाको क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराइएवापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुलउपर गरिनेछ ।

१२. <u>सेवा शुल्क दस्तुरः</u> गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची (११) मा उल्लेख भए बमोजिम सेवा शुल्क दस्तुर लगाइने र असुलउपर गरिनेछ ।

१३. <u>पर्यटन शुल्कः</u> गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको स्थानमा प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१२) बमोजिम पर्यटन शुल्क लगाइने र असुलउपर गरिनेछ ।

१४. <u>ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्प, जिप फ्लायर शुल्कः</u> पर्यटन शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्प, जिप फ्लायर सेवा वा व्यवसाय सञचालन गरेवापत अनुसूची (१३) बमोजिमको शुल्क लगाइने र असुलउपर गरिनेछ ।

१५. <u>अन्य शुल्क तथा जरिवानाः</u> (१) यस ऐन र प्रचलित कानून बमोजिमको कर समयमा नबुझाएमा वा गाउँपालिकाको नियम पालना नगरेमा अनुसूची (१४) बमोजिमको दण्ड जरिवाना लगाइने र असुल उपर गरिनेछ ।

(२) यस गाउँपालिकाको मातहमा रहेका सवारी साधन तथा स्रोतहरु भाडामा लगाउन सकिनेछ । सो को सञ्चालन र भाडादर कार्यविधि र यस ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

१६. <u>कर तथा सेवाशुल्क दस्तुर संकलन सम्बन्धी कार्यविधिः</u> (१) यस ऐनमा भए बमोजिम कर तथा सेवा शुल्क दस्तुर संकलन सम्बन्धी कार्यविधि बनाई लागु गरिनेछ ।

(२) भौतिक पूर्वाधार आर्थिक तथा सामाजिक विकासका कार्यक्रम सञ्चालन गर्दा गाउँ कार्यपालिकाले कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

१७. <u>विविधः</u> (१) यस ऐनमा उल्लेख भएको भन्दा अन्य प्रकृतिको दस्तुर, शुल्क लिनुपर्ने भएमा भैरबी गाउँ कार्यपालिकाले परिमार्जन गरी दस्तुर तोक्ने तथा परिमार्जन गर्न सक्नेछ ।

(२) यो ऐन तथा यस ऐनमा उल्लेख भएका अनुसूचीमा उल्लेख भएको कर, दस्तुरमा अन्यौल भए भैरवी गाउँ कार्यपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी प्रष्टयाउन सक्नेछ ।

रिता कुमारी शाही
अध्यक्ष

अनुसूची -१

दफा २ संग सम्बन्धित

घर कर

| क.सं. | घरको किसिम | रकम रु. २०८३/०८४ प्रति वर्गफुट |
|---|---|---|
| १ | पक्की ढलान | रु.०.७५ |
| २ | पक्की टीन पथ्थर | रु.०.५० |
| ३ | कच्ची टीन पथ्थर | रु.०.२५ |
| ४ | कच्ची फुसको | रु.०.२० |

रिता कुमारी शाही
अध्यक्ष

अनुसूची-२
दफा ३ सँग सम्बन्धित
भूमि कर (मालपोत)

| क.सं. | विवरण | मालपोत दर (प्रति ५०० व.मि. रु.) २०८३/०८४ | |
|---|---|---|---|
| | भैरवी गाउँपालिका वडा नं १ रावतकोट | | |
| १ | | | |
| १.१ | साविक रावतकोट गा.वि.स. ६ र ९ हाल भैरवी गा.पा. वडा नं १ का मध्यपहाडी लोक मार्ग खोली बजार देखी पञ्चदेवल विद्यालय सम्मका सडकका दायाँ बाँया किनारामा पर्ने जग्गाहरुको भूमिकर | २४० | |
| १.२ | साविक रावतकोट वडा नं ५,६,७,८ र ९ हाल भैरवी गा.पा. वडा नं १ क्षेत्रमा पर्ने सहायक सडक तथा भित्रि सडकहरुको दायाँ बाँया किनारामा पर्ने जग्गाहरुको भूमिकर | १०० | |
| १.३ | क.सं. १.१ र १.२ मा उल्लेख भए बाहेकको भैरवी गा.पा. वडा नं १ मा रहेको सडक सँग नजोडिएका सम्पुर्ण जग्गाहरुको भूमिकर | १५ | |
| | भैरवी गाउँपालिका वडा नं २ रावतकोट | | |
| २ | | | |
| २.१ | साविक रावतकोट गा.वि.स. वडा नं १,२,३ र ४ हाल भैरवी गा.पा. वडा नं २ का अन्तर्गत मध्यपहाडी लोक मार्ग सडकको दायाँ बाँया किनारामा पर्ने जग्गाहरुको भूमिकर | २४० | |
| २.२ | साविक रावतकोट वडा नं १,२,३ र ४ हाल भैरवी गा.पा. वडा नं २ क्षेत्रमा पर्ने सहायक सडक तथा भित्रि सडकहरुको दायाँ बाँया किनारामा पर्ने जग्गाहरुको भूमिकर | १०० | |
| २.३ | क.सं. २.१ र २.२ मा उल्लेख भए बाहेकको भैरवी गा.पा. वडा नं २ मा रहेको सडक सँग नजोडिएका सम्पुर्ण जग्गाहरुको भूमिकर | १५ | |
| | भैरवी गाउँपालिका वडा नं ३ चगत्रा | | |
| ३ | | | |
| ३.१ | साविक बडलम्जि गा.वि.स. वडा नं ७ शहिदगेट देखि वडा नं १ चगत्रा बजार आसपास तथा चगत्रा बजार देखि डाँडिमाडि बजार सम्म साविक वडा नं ३ र ५ सडकको दायाँ बाँया किनारामा पर्ने जग्गाहरुको भूमिकर | २४० | |
| ३.२ | साविक बडलम्जी गा.वि.स. भित्र सहायक सडक तथा भित्रि सडकहरुको दाँया बायाँ किनारामा पर्ने जग्गाहरुको भूमिकर | १०० | |
| ३.३ | क.सं. ३.१ र ३.२ मा उल्लेख भए बाहेकको भैरवी गा.पा. वडा नं ३ मा रहेको सडक सँग नजोडिएका सम्पुर्ण जग्गाहरुको भूमिकर | १५ | |
| | भैरवी गाउँपालिका वडा नं ४ सिलंगी | | |
| ४ | | | |
| ४.१ | साविक भैरीकालिकायुम डाँडीमाडि बजार देखि सिलङ्गि बजार क्षेत्र तथा कालगौडा क्षेत्रमा पर्ने उत्तर दक्षिण सडकका किनाराका जग्गाहरुको भुमिकर | २४० | |
| ४.२ | साविक भैरीकालिकायुम गा.वि.स. भित्र सहायक सडकहरुको दायाँ बाँया किनारामा पर्ने जग्गाहरुको भूमिकर | १०० | |
| ४.३ | क.सं. ४.१ र ४.२ मा उल्लेख भए बाहेकको भैरवी गा.पा. वडा नं ४ मा रहेको सडक/गोरेटो बाटो सँग नजोडिएका सम्पुर्ण जग्गाहरुको भूमिकर | १५ | |
| | भैरवी गाउँपालिका वडा नं ५ डाँडिमाडि | | |
| ५ | | | |
| ५.१ | साविक भैरीकालिकायुम गा.वि.स. डाँडीमाडि बजार देखि सिलङ्गि बजार क्षेत्र तथा कालगौडा क्षेत्रमा पर्ने उत्तर दक्षिण सडक किनारामा पर्ने जग्गाहरुको भुमिकर | २४० | |

रिता कुमारी शाही
अध्यक्ष

Rsta



| | | | |
|---|---|---|---|
| ५.२ | साविक भैरीकालिकाथुम गा.वि.स. भित्र सहायक सडक तथा भित्रि सक्षकहरुको दायाँ बायाँ पर्ने जग्गाहरुको भूमिकर | १०० | |
| ५.३ | क.सं. ५.१ र ५.२ मा उल्लेख भए बाहेकको भैरबी गा.पा. वडा नं ५ मा रहेको सडक/गोरेटो बाटो सँग नजोडिएका सम्पुर्ण जग्गाहरुको भूमिकर | १५ | |
| ६ | भैरबी गाउँपालिका वडा नं ६ कुसापानी | | |
| ६.१ | साविक कुसापानी गा.बि.स. हाल भैरबी गाउँपालिका वडा नं ६ सोल्टिमोड देखि खम्बागाढे बजार क्षेत्रमा पर्ने उत्तर दक्षिण सडकका किनाराका जग्गाहरुको भुमिकर | २०० | |
| ६.२ | साविक कुसापानी गा.वि.स. भित्र सहायक सडकहरुको दायाँ बाँया किनारामा पर्ने जग्गाहरुको भूमिकर | ८० | |
| ६.३ | क.सं. ६.१ र ६.२ मा उल्लेख भए बाहेकको भैरबी गा.पा. वडा नं ६ मा रहेको सडक/गोरेटो बाटो सँग नजोडिएका सम्पुर्ण जग्गाहरुको भूमिकर | १५ | |
| ७ | भैरबी गाउँपालिका वडा नं ७ कुसापानी | | |
| ७.१ | साविक कुसापानी गा.वि.स. गाबुगोडा देखि पानीपोखरा हुँदै डुङ्गाउठाउने सम्म क्षेत्रका उत्तर दक्षिण सडक किनारामा पर्ने जग्गाहरुको भुमिकर | ८० | |
| ७.२ | साविक कुसापानी गा.वि.स. भित्र सहायक सडक तथा भित्रि सक्षकहरुको दायाँ बायाँ पर्ने जग्गाहरुको भूमिकर | ६० | |
| ७.३ | क.सं. ७.१ र ७.२ मा उल्लेख भए बाहेकको भैरबी गा.पा. वडा नं ७ मा रहेको सडक/गोरेटो बाटो सँग नजोडिएका सम्पुर्ण जग्गाहरुको भूमिकर | १५ | |

Rita

रिता कुमारी शाही
अध्यक्ष

अनुसूची-३

दफा ४ संग सम्बन्धित

घर जग्गा बहाल कर

| क्र.सं. | विवरण | वहाल रकम रु. २०८३/०८४ |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, विद्यालय, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा बहाल दिएकोमा बहाल कर | बहाल रकमको १० प्रतिशत |

रिता कुमारी शाही
अध्यक्ष

अनुसूची ४

दफा ५ संग सम्बन्धित

व्यवसाय कर

| क.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| १ | होटल/लज/रेष्टुरेन्ट/खाजा/नास्ता पसल/मिठाई पसल | |
| १.१ | सामान्य खाजा/ नास्ता/ चिया/ कफी पसल | २०० |
| १.२ | ५ कोठा सम्म भएको होटल | १००० |
| १.३ | २० कोठा सम्म भएको होटल | १५०० |
| १.४ | २० कोठा भन्दा माथि भएको होटल | ३००० |
| १.५ | मदिरा भएको रेष्टुरेन्ट तथा खाजा घर | ३००० |
| १.६ | मदिरा नभएको रेष्टुरेन्ट तथा खाजा घर | ५०० |
| २ | व्यवसाय रजिष्ट्रेशन १४२५३ | |
| २.१ | उद्योग तथा व्यवसाय दर्ता तथा ठाँउसारी निवेदन दस्तुर | प्रदेश कानुनले तोके बमोजिम |
| २.२ | ५ लाख सम्मको उद्योग तथा व्यवसाय दर्ता शुल्क | प्रदेश कानुनले तोके बमोजिम |
| २.३ | १० लाख सम्मको उद्योग तथा व्यवसाय दर्ता शुल्क | प्रदेश कानुनले तोके बमोजिम |
| २.४ | ३५ दिन भित्र नविकरण गरेमा ५ लाख सम्मको | प्रदेश कानुनले तोके बमोजिम |
| २.५ | ३६ दिन देखी ३ महिना सम्म नविकरण गरेमा ५ लाख सम्मको | प्रदेश कानुनले तोके बमोजिम |
| २.६ | ३ महिना देखी १ वर्ष सम्म नविकरण गरेमा ५ लाख सम्मको | प्रदेश कानुनले तोके बमोजिम |
| २.७ | १ वर्ष देखि ५ वर्ष सम्म नविकरण नगरेमा ५ लाख सम्मको | प्रदेश कानुनले तोके बमोजिम |
| | ५ वर्ष देखी १० वर्ष सम्म नविकरण नगरेमा ५ लाख सम्मको | प्रदेश कानुनले तोके बमोजिम |
| २.८ | ३५ दिन भित्र नविकरण गरेमा १० लाख सम्मको | प्रदेश कानुनले तोके बमोजिम |
| २.९ | ३६ दिन देखी ३ महिना सम्म नविकरण गरेमा १० लाख सम्मको | प्रदेश कानुनले तोके बमोजिम |
| २.१० | ३ महिना देखी १ वर्ष सम्म नविकरण गरेमा १० लाख सम्मको | प्रदेश कानुनले तोके बमोजिम |
| २.११ | १ वर्ष देखि ५ वर्ष सम्म नविकरण नगरेमा १० लाख सम्मको | प्रदेश कानुनले तोके बमोजिम |
| | ५ वर्ष देखी १० वर्ष सम्म नविकरण नगरेमा १० लाख सम्मको | प्रदेश कानुनले तोके बमोजिम |
| | साझेदारी फर्म दर्ता दस्तुर ५ लाख सम्मको दर्ता शुल्क | प्रदेश कानुनले तोके बमोजिम |
| | साझेदारी फर्म दर्ता दस्तुर १० लाख सम्मको शुल्क | प्रदेश कानुनले तोके बमोजिम |
| | साझेदारी फर्म दर्ता दस्तुर ५ लाख सम्मको नविकरण शुल्क | प्रदेश कानुनले तोके बमोजिम |
| | साझेदारी फर्म दर्ता दस्तुर १० लाख सम्मको नविकरण शुल्क | प्रदेश कानुनले तोके बमोजिम |
| २.१२ | उद्योग तथा व्यवसाय शाखा दर्ता दस्तुर | प्रदेश कानुनले तोके बमोजिम |
| २.१३ | उद्योग तथा व्यवसाय प्रमाणपत्र प्रतिलिपि दस्तुर | प्रदेश कानुनले तोके बमोजिम |
| २.१४ | उद्योग तथा व्यवसाय नामसारी दस्तुर | प्रदेश कानुनले तोके बमोजिम |
| २.१५ | उद्योग तथा व्यवसायको नाम परिवर्तन दस्तुर | प्रदेश कानुनले तोके बमोजिम |
| २.१६ | उद्योग तथा व्यवसाय खारेजी दस्तुर | प्रदेश कानुनले तोके बमोजिम |
| २.१७ | उद्योग तथा व्यवसाय पुँजी वृद्धि निवेदन दस्तुर | प्रदेश कानुनले तोके बमोजिम |
| २.१८ | उद्योग तथा व्यवसाय पुँजी वृद्धि गर्दा ५ लाखको दायरा बाट १० लाखको दायरामा जाने खण्डमा थप | प्रदेश कानुनले तोके बमोजिम |
| | नोटः छुट : महिला, दलित, पिछडिएको वर्ग, अपाङ्ग प्रोपराईटर भएको हकमा | ५० प्रतिशत छुट |

कुमारी शाही
अध्यक्ष

अनुसूची ४

दफा ५ संग सम्बन्धित

व्यवसाय कर

| क.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| ३ | **उद्योग व्यवसाय** | |
| ३.१ | काठ चिर्ने बेच्ने समिल/प्लाईउड उद्योग | ८०० |
| ३.२ | आधुनिक सेलर राईस प्लान्ट राखी चामल, दाल, पीठो पिसानी र पेलानी समेत भएको जुनसुकै मिल | ५०० |
| ४ | **माछा मासु तथा अण्डा बिक्रेता** | |
| ४.१ | खसी/कुखुरा/बंगुर/सुगुर/रौंगा/माछा आदिको बिक्रेता अण्डा समेत | ५०० |
| ५ | **फलफुल तथा तरकारी पसल** | |
| ५.१ | फलफुल तथा तरकारीको थोक बिक्रेता | ५०० |
| ५.२ | फलफुल तथा तरकारीको खुद्रा बिक्रेता | ३०० |
| ६ | **सुन चाँदी पसल** | |
| ६.१ | सुन चाँदी लगायत बहुमुल्य गहना बिक्रेता | १००० |
| ६.२ | सुन चाँदीको गर गहना मर्मत पसल | ३०० |
| ७ | **औषधी उपचार जन्य/पशुपंक्षी आहार पसल** | |
| ७.१ | औषधीको खुद्रा बिक्रेता ५ लाख सम्म | ५०० |
| ७.२ | औषधीको खुद्रा बिक्रेता ५ लाख देखि १० लाख सम्म | १००० |
| ७.३ | औषधीको खुद्रा बिक्रेता १० लाख भन्दा माथि | २००० |
| ७.४ | डेन्टल क्लिनिक | ५०० |
| ७.५ | सामान्य एग्रोभेट पसल | ५०० |
| ७.६ | ल्याव सहितको मेडिकल हल | १००० |
| ७.७ | आँखा जाचँ सहितको पसल | ५०० |
| ७.८ | पशुपंक्षीको दानाको खुद्रा बिक्रेता | ५०० |
| ८ | **ईन्स्टिच्युट/प्रतिष्ठान/तालिम केन्द्र** | |
| ८.१ | फोटोकपी तथा ईमेल ईन्टरनेट पसल | ३०० |
| ८.२ | ईन्स्टिच्युट/ट्युसन सेन्टर | ५०० |
| ८.३ | पुस्तक पसल तथा स्टेशनरी पसल | २०० |
| ८.४ | कक्षा १ सम्म संचालन | ५०० |
| ८.५ | कक्षा २ देखि ३ सम्म संचालन | १००० |
| ८.६ | कक्षा ४ देखि ५ सम्म संचालन | १५०० |
| ८.७ | कक्षा ६ देखि ८ सम्म संचालन | २००० |
| ८.८ | कक्षा ९ देखि १० सम्म | २५०० |
| ८.९ | निजि विद्यालयहरुको हकमा | १५०० |

रिता कुमारी शाही
अध्यक्ष

अनुसूची ४

दफा ५ संग सम्बन्धित

व्यवसाय कर

| क.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| ९ | मदिराजन्य तथा सुर्तीजन्य पसल | |
| ९.१ | मदिराजन्य पदार्थको खुद्रा बिक्रेता | २००० |
| ९.२ | पान तथा सुर्तिजन्य पसल | ५०० |
| १० | सिलाई/टेलरिङ्ग तथा कपडा धुलाई | |
| १०.१ | समान्य सिलाई कटाई पसल | ३०० |
| ११ | सैलुन/ब्युटीपार्लर/कस्मेटिक पसल | |
| ११.१ | सामान्य सैलुन/ब्युटीपार्लर/कस्मेटिक पसल कस्मेटिक खुद्रा पसल | ३०० |
| १२ | ईलेक्ट्रोनिक/हार्डवेयर/मोबाईल पसल/भाँडा पसल/कपडा पसल | |
| १२.१ | मोबाईल तथा इलेक्ट्रोनिक खुद्रा पसल | ५०० |
| १२.२ | ५ लाखसम्म /विजुली पसल | १००० |
| १२.३ | ५ लाख देखि १० लाख सम्मको/विजुली पसल | १५०० |
| १२.४ | १० लाख देखि माथिको हकमा/विजुली पसल | २००० |
| १२.५ | १ लाख देखि २ लाख ५० हजार सम्म/कपडा पसल | २५० |
| १२.६ | २ लाख ५० हजार देखि ५ लाख सम्म/कपडा पसल | ३५० |
| १२.७ | ५ लाख देखि १० लाख सम्मको/कपडा पसल | ५०० |
| १२.८ | १० लाख देखि माथिको हकमा/कपडा पसल | १००० |
| १२.९ | १ लाख देखि २ लाख ५० हजार सम्म/भाँडा पसल | ३०० |
| १२.१० | २ लाख ५० हजार देखि ५ लाख सम्म/भाँडा पसल | ५०० |
| १२.११ | ५ लाख देखि १० लाख सम्मको/भाँडा पसल | ७५० |
| १२.१२ | १० लाख देखि माथिको हकमा/भाँडा पसल | १००० |
| १२.१३ | नोटः माथि उल्लेखित पसलमा मर्मत केन्द्र जोडिएको लाई थप | २०० |
| १३ | निर्माण व्यवसायी/यातायात व्यवसायी/ढुवानी तथा ट्रान्सपोर्ट व्यवसायी | |
| १३.१ | क बर्गको प्रधान कार्यालय भएको निर्माण व्यवसायी | ३०००० |
| १३.२ | ख बर्गको प्रधान कार्यालय भएको निर्माण व्यवसायी | २०००० |
| १३.३ | ग बर्गको प्रधान कार्यालय भएको निर्माण व्यवसायी | १५००० |
| १३.४ | घ बर्गको प्रधान कार्यालय भएको निर्माण व्यवसायी | १०००० |
| १३.५ | क बर्गको स्थानीय कार्यालय भएको निर्माण व्यवसायी | २२००० |
| १३.६ | ख बर्गको स्थानीय कार्यालय भएको निर्माण व्यवसायी | १५००० |
| १३.७ | ग बर्गको स्थानीय कार्यालय भएको निर्माण व्यवसायी | १०००० |
| १३.८ | घ बर्गको स्थानीय कार्यालय भएको निर्माण व्यवसायी | ३००० |

रिता कुमारी शाही

अध्यक्ष

अनुसूची ४

दफा ५ संग सम्बन्धित

व्यवसाय कर

| क्र.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| १३.९ | प्रधान कार्यालय भएको यातायात व्यवसायी | २००० |
| १३.१० | शाखा कार्यालय भएको यातायात व्यवसायी | १५०० |
| १३.११ | साना जीप टेम्पो अटोको स्थानीय कार्यालय भएको व्यवसायी | १००० |
| | घ वर्ग निर्माण व्यवसायी दर्ता दस्तुर | २५००० |
| | घ वर्ग निर्माण व्यवसायी नविकरण दस्तुर | १०००० |
| | घ वर्ग निर्माण व्यवसायी नामसारी दस्तुर | २५०० |
| | घ वर्ग निर्माण व्यवसायी ठाउँसारी दस्तुर | १००० |
| | घ वर्ग निर्माण व्यवसायी खारेजी दस्तुर | १००० |
| | घ वर्ग निर्माण व्यवसायी नविकरण विलम्ब दस्तुर प्रति महिना कार्तिक देखि अषाढ सम्म | २०० |
| १४ | **सेवा तथा परामर्श सम्बन्धी** | |
| १४.१ | सामान्य लेखापढी व्यवसायी | ८०० |
| १४.२ | क श्रेणीको लेखापरीक्षण व्यवसाय | ३५०० |
| १४.३ | ख श्रेणीको लेखापरीक्षण व्यवसाय | १५०० |
| १४.४ | ग र घ श्रेणीको लेखापरीक्षण व्यवसाय | ८०० |
| १४.५ | कन्सल्टेन्सी/ईन्जिनियर/प्राविधिक सेवा व्यवसाय | ७५०० |
| १४.६ | टेन्ट हाउस तथा साउण्ड सिस्टम र डिजे भएको पसल | ३५०० |
| १४.७ | माईक/विजुली डेकोरेसन/बैण्ड बाजा पसल | १८०० |
| १४.८ | सटरिङ तथा फर्मा | ८०० |
| १५ | **बैङ्क तथा वित्तीय संघ संस्था/गैरसरकारी संस्था** | |
| १५.१ | वाणिज्य बैङ्क क वर्ग | ५००० |
| १५.२ | विकास बैङ्क ख वर्ग | ४००० |
| १५.३ | वित्त तथा फाईनान्स कम्पनी ग वर्ग | ३००० |
| १५.४ | लघुवित्त कम्पनी घ वर्ग | २००० |
| १५.५ | गाउँपालिका कार्य क्षेत्र भएको सहकारी संस्था | १००० |
| १५.६ | विदेशी मुद्रा सटही काउन्टर तथा मनिट्रान्सफर | ८०० |
| १५.७ | अन्तराष्ट्रिय गैरसरकारी संस्था | ३००० |
| १५.८ | राष्ट्रिय गैरसरकारी संस्था | १५०० |
| १५.९ | सहकारी सस्थाहरु तथा IME | १००० |
| १५.१० | एफ.एम.रेडियो | २००० |
| १६ | **जुत्ता/चप्पल/कपडा तथा फेन्सी पसल** | |
| १६.१ | जुत्ता तथा चप्पलको खुद्रा बिक्रेता/फेन्सी खुद्रा बिक्रेता/थान कपडा खुद्रा बिक्रेता | ५०० |

रिता कुमारी शाही
अध्यक्ष

अनुसूची ४

दफा ५ संग सम्बन्धित

व्यवसाय कर

| क.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| १७ | सवारी साधन/सवारी साधनको पाट्र्स/मेसिनरी सामान बिक्री तथा मर्मत | |
| १७.१ | हेभी गाडी तथा मेसिनरी मर्मत | १५०० |
| १७.२ | लाईट गाडी तथा अन्य सवारी साधन सर्भिसिङ तथा मर्मत | १००० |
| १७.३ | मोटरसाइकल मर्मत पसल | ५०० |
| १८ | पेट्रोलियम पदार्थ/स्टेशनरी तथा पुस्तक/खाद्यान्न तथा अन्य पसल व्यवसाय | |
| १८.१ | कोल्ड ड्रिङसको खुद्रा बिक्रेता | ७५० |
| १८.२ | पेट्रोल वेच्नको लागि फुटकर बिक्रेता | २००० |
| १८.३ | स्टेशनरी तथा पुस्तकको खुद्रा बिक्रेता | २०० |
| १८.४ | स्टेशनरी तथा पुस्तकको खुद्रा बिक्रेता/घ्यू तथा तेलजन्य पदार्थ सप्लायर्स/अन्य खुद्रा किराना पसल | १५०० |
| १८.५ | खाद्यान्न पदार्थ/अन्य किराना पसल तथा खुद्रा किराना पसल | ५०० |
| १८.६ | घुम्ती पसल | २५० |
| १९ | छापाखाना/अफसेट/प्रिन्टिङ प्रेस/कलर ल्याब/फोटो स्टुडियो | |
| १९.१ | फोटो स्टुडियो | २५० |
| १९.२ | फ्लेक्स मेसिन भएको फ्लेक्स प्रेस | ४०० |
| १९.३ | हस्त लेखन भएको व्यानर पसल | २०० |

रिता कुमारी शाही
अध्यक्ष

अनुसूची ५

दफा ६ संग सम्बन्धित

जडीबुटी, कबाडी र जीबजन्तु कर

| क्र.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| १ | जडीबुटी, कवाडी निकासी दस्तुर (प्रति के जि) | १ |
| २ | रेजिन (खोटो) निकासी दस्तुर (प्रति केजि) | ०.५० |
| ३ | जीवजन्तु निकासी (प्रति गोटा) | ५०० |

रिता कुमारी शाही
अध्यक्ष

अनुसूची-६

दफा ७ संग सम्बन्धित

सवारी साधन कर

| क्र.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| १ | अटो रिक्सा ई रिक्सा दर्ता दस्तुर | ५०० |
| २ | अटो रिक्सा ई रिक्सा नवीकरण दस्तुर | २५० |

रिता कुमारी शाही
अध्यक्ष

अनुसूची-७

दफा ८ संग सम्बन्धित

विज्ञापन कर

| क्र.सं. | विवरण | रकम रु. २०८३/०८४ |
| --- | --- | --- |
| १ | होडिंग वोर्ड, फ्लेक्स वोर्ड प्रति वर्ग फिट | ८५ |
| २ | ग्लो साइनवोर्ड, नियोन साइनवोर्ड, विधुतीय वोर्डहरु प्रति वर्ग फिट | १५० |
| ३ | भित्ते लेखन, सटर पेन्टिंग प्रति वर्ग फिट | १० |
| ४ | स्टल, गेट (चांडपर्व, मेला महोत्सव) दैनिक | ३५० |
| ५ | वेलुन, व्यानर प्रति हप्ता | ३०० |
| ६ | ब्यबसायीक दृष्टीले गाडी बाट माईकिंग गर्दा प्रतिदिन | २०० |
| ७ | ब्यबसायीक दृष्टीले रिक्सा टांगा र टेम्पो बाट प्रतिदीन | १०० |
| ८ | मादक पदार्थ एवं धुम्रपानको बिज्ञापनमा | २५% थप |

नोटः निजी वा सार्वजनिक स्थानमा होर्डिड. वोर्ड राख्दा यस कार्यालयको पूर्व स्वीकृति लिई राख्नुपर्नेछ ।

रिता कुमारी शाही
अध्यक्ष

अनुसूची-८

दफा ९ संग सम्बन्धित

मनोरञ्जन कर

| क.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| १ | केवुल नेटवर्क सर्भिस | २००० |
| २ | सर्कस तथा खेल तमासा, रमाईलो मेला/जात्रा | |
| २.१ | दैनिक (रमाईलो मेला तथा सर्कस/तमासा/जात्रा) | ५०० |
| ३ | पिकनिक स्पट शुल्क | २५० |

रिता कुमारी शाही
अध्यक्ष

अनुसूची-९

दफा १० संग सम्बन्धित

बहाल बिटौरी शुल्क

| क्र.सं. | विवरण | रकम रु. २०८३/०८४ |
| --- | --- | --- |
| १ | गाउँपालिका क्षेत्रभित्र निर्माण भएको कानुन बमोजिम स्वामित्व प्राप्त नगरेको ऐलानी वा पर्ति जग्गामा निर्माण भएको संरचनाको प्रति संरचना | |
| १.१ | पक्की ढलान | ५०० |
| १.२ | पक्की टीन/पत्थर | ३०० |
| १.३ | कच्ची टीन/पत्थर/खर | १५० |
| २ | गाउँपालिका क्षेत्रभित्र रहेका कानुन बमोजिम स्वामित्व प्राप्त नगरेको ऐलानी वा पर्ति जग्गामा प्रति रोपनी बहाल बिटौरी शुल्क बार्षिक | ५० |
| ३ | गाउँपालिका क्षेत्रभित्र विभिन्न चाडपर्वहरुमा पसल राख्ने व्यावसायीलाई प्रतिदिन बहाल बिटौरी शुल्क | १०० |

रिता कुमारी शाही
अध्यक्ष

अनुसूची १०
दफा ११ संग सम्बन्धित
पार्किङ्ग शुल्क

| क्र.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| १ | मोटरसाइकल | १० |
| २ | साइकल | ५ |
| ३ | आटो रिक्सा/ई रिक्सा | १५ |
| ४ | जिप/कार/ट्र्याक्टर | २० |
| ५ | बस, ट्रक | ३० |

रिता कुमारी शाही
अध्यक्ष

अनुसूची-११
दफा १२ संग सम्बन्धित
सेवा शुल्क, दस्तुर
अन्य सेवा शुल्क तथा बिक्री १४२१९

| क.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| १ | **न्यायिक दस्तुर १४२२१** | |
| १.१ | निवेदन पत्र शुल्क | १०० |
| १.२ | प्रति उत्तर पत्र | १०० |
| १.३ | मिलापत्र गराए बापत पक्ष र विपक्ष दुवैबाट मिलापत्र शुल्क (प्रत्येक पक्षबाट अलग अलग लिईने) | ५०० |
| २ | **शिक्षा क्षेत्रको आम्दानी १४२२३** | |
| २.०१ | पूर्व प्राथमिक विद्यालय अनुमति दिए बापत (सामुदायिक विद्यालय) | ५०० |
| २.०२ | पूर्व प्राथमिक विद्यालय अनुमति दिए बापत (संस्थागत विद्यालय) | ५००० |
| २.०३ | एक देखि पाँच कक्षा सम्मको आधारभुत विद्यालय अनुमति दिए बापत | १००० |
| २.०४ | ६ देखि आठ कक्षा सम्मको आधारभुत विद्यालय अनुमति दिए बापत | १५०० |
| २.०५ | माध्यमिक विद्यालय (९,१०) अनुमति दिए बापत | २००० |
| २.०६ | माध्यमिक विद्यालय (११,१२) अनुमति दिए बापत | ३००० |
| २.०७ | एक देखि पाँच कक्षा सम्मको आधारभुत विद्यालय कक्षा थप अनुमति (सामुदायिक विद्यालय) | १००० |
| २.०८ | एक देखि पाँच कक्षा सम्मको आधारभुत विद्यालय कक्षा थप अनुमति (संस्थागत विद्यालय) | ५००० |
| २.०९ | ६ देखि आठ कक्षा सम्मको आधारभुत विद्यालय कक्षा थप अनुमति | २००० |
| २.१० | माध्यामिक विद्यालय कक्षा थप अनुमति | ३००० |
| २.११ | प्रति ग्रेडसिट सच्चाएको आधारभूत तह कक्षा ८ (नतिजा प्रकाशन भएको ६ महिना भित्र) | निशुल्क |
| २.१२ | प्रति ग्रेडसिट सच्चाएको आधारभूत तह कक्षा ८ (नतिजा प्रकाशन भएको ६ महिना पछि) | ५०० |
| २.१३ | शिक्षक सरुवा सहमती अन्तरपालिका (प्रा वि) | २००० |
| २.१४ | शिक्षक सरुवा सहमती अन्तरपालिका (नि मा वि) | ३००० |
| २.१५ | शिक्षक सरुवा सहमती अन्तरपालिका (मा वि) | ४००० |
| २.१६ | शिक्षक सरुवा सहमती अन्तरजिल्ला (प्रा वि) | ३००० |
| २.१७ | शिक्षक सरुवा सहमती अन्तरजिल्ला (नि मा वि) | ४००० |
| २.१८ | शिक्षक सरुवा सहमती अन्तरजिल्ला (मा वि) | ५००० |
| २.१९ | शिक्षक सरुवा सहमती पालिकाभित्र (प्रा वि) | १००० |
| २.२० | शिक्षक सरुवा सहमती पालिकाभित्र (नि मा वि) | १५०० |
| २.२१ | शिक्षक सरुवा सहमती पालिकाभित्र (मा वि) | २००० |
| २.२२ | शिक्षकको नियुक्ति समर्थन अभिलेख (बालशिक्षा सहजकर्ता र विद्यालय कर्मचारी) | ५०० |
| २.२३ | शिक्षकको नियुक्ति समर्थन अभिलेख (प्रा वि शिक्षक)) | १००० |
| २.२४ | शिक्षकको नियुक्ति समर्थन अभिलेख (नि मा वि शिक्षक) | १२०० |
| २.२५ | शिक्षकको नियुक्ति समर्थन अभिलेख (मा वि शिक्षक) | १५०० |
| २.२६ | विद्यालय लेखापरीक्षक सुचिकृत शुल्क | १००० |
| २.२७ | विज्ञ सुचीमा सुचिकृत शुल्क | ५०० |
| ३ | **परिक्षा शुल्क १४२२४** | |
| ३.१ | अधिकृत स्तर | १५०० |
| ३.२ | सहायक स्तर पाँचौ | १००० |
| ३.३ | सहायक स्तर चौथो | ७०० |
| ३.४ | श्रेणी विहिन | ५०० |

रिक्षा कुमारी शाही
अध्यक्ष

अनुसूची-११

दफा १२ संग सम्बन्धित

सेवा शुल्क, दस्तुर

अन्य सेवा शुल्क तथा बिक्री १४२१९

| क.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| ४ | **अन्य प्रशासनिक सेवा शुल्क १४२२९** | |
| ४.०१ | कृषि तथा पशुपन्छि समूह दर्ता | ५०० |
| ४.०२ | कृषि तथा पशुपन्छि समूह नविकरण | २५० |
| ४.०३ | कृषि तथा पशुपंक्षी फम नविकरण | ५०० |
| ४.०४ | कृषि तथा पशुपन्छि समूह नविकरण नगरेमा प्रति वर्ष थप | २०० |
| ४.०५ | माटो परिक्षण शुल्क | १०० |
| ४.०६ | युवा क्लव/ टोल विकास संस्था दर्ता | ५०० |
| ४.०७ | मुहान दर्ता/ खानेपानी उपभोक्ता समिति दर्ता | १००० |
| ४.०८ | व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि | १०० |
| ४.०९ | अमिन सेवा शुल्क प्रतिकित्ता | १००० |
| ४.१० | गाउँपालिका अन्तर्गतको मल्टिमिडिया हल भाडा (पालिका स्तरिय कार्यक्रम) | १५०० |
| ४.११ | गाउँपालिका अन्तर्गतको मल्टिमिडिया हल भाडा (अन्य) | ३००० |
| ४.१२ | गाउँपालिका अन्तर्गतको सभा हल भाडा (पालिका स्तरिय कार्यक्रम) | १००० |
| ४.१३ | गाउँपालिका अन्तर्गतको सभा हल भाडा (अन्य) | २००० |
| ४.१४ | वडा कार्यालय अन्तर्गतको हल भाडा (पालिका स्तरिय कार्यक्रम) | ५०० |
| ४.१५ | वडा कार्यालय अन्तर्गतको हल भाडा (अन्य कार्यक्रम) | १००० |
| ४.१६ | सामुदायीक वन अभिलेखिकरण शुल्क | १००० |
| ४.१७ | उद्योग, फर्म तथा व्यवसाय सूचिकृत शुल्क | ५०० |
| ४.१८ | घ वर्गको निर्माण व्यवसाय सूचिकृत शुल्क | ५०० |
| ४.१९ | रसायनिक मल सुचिकृत शुल्क | १००० |
| ४.२० | रोगकिरा नमुना परिक्षण शुल्क | ५० |
| ४.२१ | पानी परिक्षण शुल्क | १०० |
| ४.२२ | स्वास्थ्य संस्थामा विरामी नाम दर्ता शुल्क (प्रति व्यक्ति) | १० |
| ४.२३ | कृषी प्रसार सेवा केन्द्र दर्ता/नविकरण | १००० |
| ४.२४ | कृषी सहकारी संस्था दर्ता/ नविकरण | १००० |
| ४.२५ | नक्सा पास किताव दस्तुर | १००० |
| ४.२६ | क्रसर उद्योग स्थापना तथा नविकरण | १००००० |
| ५ | **एम्बुलेन्स भाडा दर (इन्धन सहित)** | |
| ५.१ | पानिपोखरा सा. स्वास्थ्य ईकाई देखि दैलेख सम्म | ४५०० |
| ५.२ | पानिपोखरा सा. स्वास्थ्य ईकाई देखि दुल्लु सम्म | २५०० |
| ५.३ | पानिपोखरा सा. स्वास्थ्य ईकाई देखि सुर्खेत सम्म | ९००० |
| ५.४ | पानिपोखरा सा. स्वास्थ्य ईकाई देखि कोहलपुर नेपालगंज सम्म | १३००० |
| ५.५ | पानिपोखरा सा. स्वास्थ्य ईकाई देखि स्वास्थ्य चौकी भैरी सम्म | २००० |
| ५.६ | कुसापानी स्वास्थ्य चौकी देखि स्वास्थ्य चौकी भैरी सम्म | १५०० |
| ५.७ | कुसापानी स्वास्थ्य चौकी देखि दैलेख सम्म | ४००० |
| ५.८ | कुसापानी स्वास्थ्य चौकी देखि दुल्लु सम्म | २००० |
| ५.९ | कुसापानी स्वास्थ्य चौकी देखि सुर्खेत सम्म | ८५०० |
| ५.१० | कुसापानी स्वास्थ्य चौकी देखि कोहलपुर नेपालगंज सम्म | १२५०० |

अध्यक्ष

अनुसूची-११

दफा १२ संग सम्बन्धित

सेवा शुल्क, दस्तुर

अन्य सेवा शुल्क तथा बिक्री १४२१९

| क.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| ५.११ | स्वास्थ्य चौकी भैरी देखि डोक्रा वहाचौर सम्म | २००० |
| ५.१२ | डोक्रा देखि दुल्लु सम्म | २५०० |
| ५.१३ | डोक्रा देखि दैलेख सम्म | ४००० |
| ५.१४ | डोक्रा देखि सुर्खेत सम्म | ८५०० |
| ५.१५ | डोक्रा देखि कोहलपुर नेपालगंज सम्म | १२५०० |
| ५.१६ | स्वास्थ्य चौकी भैरी देखि वडा नं ४ भरी | १००० |
| ५.१७ | स्वास्थ्य चौकी भैरी देखि दुल्लु अस्पताल | १५०० |
| ५.१८ | स्वास्थ्य चौकी भैरी देखि दैलेख सम्म | ३५०० |
| ५.१९ | स्वास्थ्य चौकी भैरी देखि सुर्खेत सम्म | ८००० |
| ५.२० | स्वास्थ्य चौकी भैरी देखि कोहलपुर नेपालगंज सम्म | १२००० |
| ५.२१ | स्वास्थ्य चौकी भैरी देखि चा.वि.न.पा. कार्यालय सम्म | ३५०० |
| ५.२२ | स्वास्थ्य चौकी भैरी देखि ठाटिकाध गा.पा. कार्यालय सम्म | ५५०० |
| | नोटः भनेको स्थान अगि जानपरेमा प्रति किलोमिटर रु ५० का दरले थप गर्नुपर्ने। | |
| ६ | **पशुपंक्षी उपचारको लागि नाम दर्ता शुल्क** | |
| ६.१ | उपचारका लागि नाम दर्ता शुल्क प्रति एकको (पंक्षी जातहरु कुखुरा हाँस लगायत) | १ |
| ६.२ | उपचारका लागि नाम दर्ता शुल्क प्रति एकको (भेडा, बाख्रा, सुंगुर, बुँगुर लगायत) | ५ |
| ६.३ | उपचारका लागि नाम दर्ता शुल्क प्रति एकको (गाई, गोरु, राँगा, भैंसी लगायत) | १० |
| ६.४ | उपचारका लागि नाम दर्ता शुल्क प्रति एकको (कुकर, बिरालो लगायत) | १५ |
| ६.५ | उपचारका लागि नाम दर्ता शुल्क प्रति एकको (घोडा खच्चर लगायत) | ५० |
| ७ | **पशुपन्छी विकास शाखा तर्फको प्रयोगशाला सेवा शुल्क** | |
| ७.१ | गोवर परीक्षण प्रति पशु | ५० |
| ७.२ | थुनेलो परीक्षण प्रति पशु | १०० |
| ८ | **पशुपन्छी विकास शाखा तर्फको पोष्टमार्टम सेवा शुल्क** | |
| ८.१ | पंक्षी जन्य तर्फ प्रति जिउ | १५० |
| ८.२ | पशु तर्फ प्रति जीउ साना चौपाया (भेडा बाख्रा बंगुर सुंगुर लगायत साना घरपालुवा पशुहरु पाठा-पाठी बाहेक) | ५०० |
| ८.३ | पशु तर्फ प्रति जीउ ठुला चौपाया (गाई भैंसी रांगा गोरु घोडा खच्चर लगायत ठुला पशुपंक्षी बाच्छा-बाच्छी पाडा-पाडी बाहेक) | १५०० |
| ९ | **पशुपन्छी विकास शाखाको कृतिम गर्भाधान तथा बन्ध्याकरण सेवा शुल्क** | |
| ९.१ | कृतिम गर्भाधान शुल्क (गाई र भैसी मात्र) | २५० |
| ९.२ | पशु बन्ध्याकरण (बोका लयायत सानो पशु चौपाया तर्फ) शुल्क बन्द तरिका | ५० |
| ९.३ | पशु बन्ध्याकरण (सुगुर कुकुर बिरालो लगायत सानो पशु चौपाया तर्फ) शुल्क खुल्ला तरिका | ५०० |
| ९.४ | पशु बन्ध्याकरण (बहर राँगो लयायत ठूलो पशु चौपाया तर्फ) शुल्क | १०० |
| ९.५ | पशुको माइनर सर्जरी | १५० |
| ९.६ | पशुको मेजर सर्जरी | ५०० |

रिता कुमारी शाही

अध्यक्ष

अनुसूची-११

दफा १२ संग सम्बन्धित

सेवा शुल्क, दस्तुर

अन्य सेवा शुल्क तथा विक्री १४२१९

| क.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| १० | **घर जग्गा मूल्याङ्कन (विधार्थी प्रयोजन)** | |
| १०.१ | घर जग्गा मूल्याङ्कन (विधार्थी प्रयोजन) | १००० |
| ११ | **घर जग्गा मूल्याङ्कन (विधार्थी बाहेक अन्य प्रयोजन)** | |
| ११.१ | घर जग्गा मूल्याङ्कन (अन्य प्रयोजन) | कुल मूल्याङ्कन अंकको ०.२५ प्रतिशत लाग्नेछ । |
| १२ | **आयस्रोत प्रमाणित (विधार्थी प्रयोजन)** | |
| १२.१ | आयश्रोत प्रमाणित (विधयार्थी प्रयोजन) | १००० |
| १३ | **आयस्रोत प्रमाणित (विधार्थी बाहेक अन्य प्रयोजन)** | |
| १३.१ | आयश्रोत प्रमाणित (अन्य प्रयोजन) | कुल मूल्याङ्कन अंकको ०.३५ प्रतिशत लाग्नेछ । |
| १४ | **घर नक्सापास दस्तुर तथा अभिलेखीकरण शुल्क** | |
| १४.१ | RCC पक्की भवन नक्सापास दस्तुर व्यापारिक प्रयोजन प्रति वर्ग फिट | ५ |
| १४.२ | RCC पक्की भवन नक्सापास दस्तुर अन्य प्रयोजन प्रति वर्ग फिट | ४ |
| १४.३ | ट्रस्ट मोडेल भवन नक्सापास दस्तुर व्यापारिक प्रयोजन प्रति वर्ग फिट | ३ |
| १४.४ | ट्रस्ट मोडेल भवन नक्सापास दस्तुर अन्य प्रयोजन प्रति वर्ग फिट | २ |
| १४.५ | घर अभिलेखीकरण शुल्क वार्षिक पक्की घर (१ तला सम्म) | १००० |
| १४.६ | घर अभिलेखीकरण शुल्क वार्षिक पक्की घर (१ तला भन्दा माथि प्रति तला थप) | ५०० |
| १४.७ | घर अभिलेखीकरण शुल्क वार्षिक अर्धपक्की टिन पत्थर घर | ५०० |
| १४.८ | घर अभिलेखीकरण शुल्क वार्षिक कच्ची घर | २५० |
| १५ | **सिफारिस दस्तुर १४२४३** | |
| १५.१० | नागरिकता सिफारिस (वंशज) | २५० |
| १५.११ | नागरिकता सिफारिस (अङ्गिकृत) | ५०० |
| १५.१२ | नागरिकता प्रतिलिपी सिफारिस | ५०० |
| १५.१३ | घितो रोक्का सिफारिस | ५०० |
| १५.१४ | नामथर, जन्म मिति संशोधन सिफारिस | ५०० |
| १५.१५ | घर वाटो प्रमाणित (खरिद विक्री प्रयोजन) | १००० |
| १५.१६ | घर वाटो प्रमाणित (अंश वण्डा प्रयोजन) | ५०० |
| १५.१७ | चलन चल्ती मूल्य सिफारिस (सर्जमिन बाहेक) | २५० |
| १५.१८ | स्थानीय वसोवास प्रमाणित | २५० |
| १५.१९ | एकाघर सगोल प्रमाणित | २५० |
| १५.२० | चारित्रिक प्रमाणपत्र | ५०० |
| १५.२१ | विधुत, टेलिफोन जडान सिफारिस | २५० |
| १५.२२ | विधुत, टेलिफोन जडान सिफारिस औधोगिक प्रयोजन | ५०० |
| १५.२३ | तिन पुस्ते, फोटो टाँस, जिर्ण श्रेष्ता, जग्गा धनी प्रतिलिपी सिफारिस | २५० |
| १५.२४ | सर्जमिन दस्तुर | ५०० |
| १५.२५ | फरक फरक नामथर सिफारिस दस्तुर | २५० |
| १५.२६ | चार किल्ला प्रमाणित दस्तुर | ३०० |
| १५.२७ | सा.सु.भत्ता खाता सञ्चालन सिफारिस | २५० |

...ता कुमारी शाही
अध्यक्ष

अनुसूची-११

दफा १२ संग सम्बन्धित

सेवा शुल्क, दस्तुर

अन्य सेवा शुल्क तथा बिक्री १४२१९

| क.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| १५.२८ | सा.सु.भत्ता भुक्तानी सिफारिस | २५० |
| १५.२९ | सा.सु. परिचय पत्र को प्रतिलिपि सिफारिस | २५० |
| १५.३० | विपन्न खसआर्य प्रमाणित | २५० |
| १५.३१ | आर्थिक अवस्था कमजोर भएको सिफारिस | २५० |
| १५.३२ | जग्गा नामसारी सिफारिस | ५०० |
| १५.३३ | जग्गा कित्ताकाट सिफारिस | ५०० |
| १५.३४ | होमस्टे संचालन गर्ने घर दर्ता सिफारिस | २५० |
| १५.३५ | अविवाहित प्रमाणित (सर्जमिन बाहेक) | ५०० |
| १५.३६ | घर नक्सा प्रतिलिपि प्रमाणित प्रति थान | २५० |
| १५.३७ | घर नक्सा नामसारी दस्तुर | ३०० |
| १५.३८ | नामसारी, ठाँउसारी (व्यापार व्यवसाय) सिफारिस | १००० |
| १५.३९ | साना घरेलु उद्योग (दालमोठ, वेसार, मसला आदी) दर्ता/नविकरण सिफारिस | ५०० |
| १५.४० | अन्य उद्योग (मझौला) दर्ता/नविकरण सिफारिस | १००० |
| १५.४१ | अन्य उद्योग (ठूला) दर्ता/नविकरण सिफारिस | ५००० |
| १५.४२ | रुख कटानी सिफारिस (प्रति रुख) | २५० |
| १५.४३ | नोटः सि.नं.    मा उल्लेख भएको सेवा शुल्कको हकमा जमिन सतह देखि ४ फिट ६ इन्चमा मापन गर्दा गोलाई ३६ इन्च भन्दा कम भएमा आधा दस्तुर लाग्ने छ। | |
| १५.४४ | जिवित रहेको सिफारीस | २५० |
| १५.४५ | आर्थिक अवस्था बलियो सिफारिस | २५० |
| १५.४६ | कृषि तथा पशुपन्छी फर्म दर्ता सिफारिस/विमा प्रयोजन सिफारिस | २५० |
| १५.४७ | कृषि तथा पशुपन्छी ऋण सिफारिस | ५०० |
| १५.४८ | पशुपन्छी निरोगिता सिफारिस | ५०० |
| १५.४९ | पन्छी निर्यात सिफारिस (प्रति जिउ) | १० |
| १५.५० | पशु निर्यात सिफारिस साना चौपाया भेडा,बाख्रा,वंगुर,सुङ्गुर (प्रति जिउ) | २० |
| १५.५१ | पशु निर्यात सिफारिस ठुला चौपाया गाई,भैसी,राँगा,गोरु,घोडा,खच्चर (प्रति जिउ) | १०० |
| १५.५२ | संस्था दर्ता तथा नविकरण सिफारिस | १००० |
| १५.५३ | निजी वन दर्ता तथा नविकरण सिफारिस | २००० |
| १५.५४ | मञ्जुरीनामा सिफारिस | २५० |
| १५.५५ | अंग्रेजी भाषामा लेखिने सबै सिफारिस | १००० |
| १५.५६ | योजना/कार्यक्रम माग सिफारिस (पालिका भित्रका योजना) | २५० |
| १५.५७ | योजना/कार्यक्रम माग सिफारिस (पालिका बाहिरका योजना) | ५०० |
| १५.५८ | योजना/कार्यक्रम सम्पन्न सिफारिस (पालिका भित्रका योजना) | २५० |
| १५.५९ | योजना/कार्यक्रम सम्पन्न सिफारिस (पालिका बाहिरका योजना) | ५०० |
| १५.६० | जतिय पहिचान र जातिय सिफारिस | ५०० |
| १५.६१ | पूर्व प्राथमिक विद्यालय देखी ५ कक्षा सम्म अनुमति सिफारिस शुल्क (वडा बाट) | १००० |
| १५.६२ | ६ देखी ८ कक्षा सम्म अनुमति सिफारिस शुल्क (वडा बाट) | १५०० |
| १५.६३ | ९ देखि १२ कक्षा सम्म अनुमति सिफारिस शुल्क (वडा बाट) | ३००० |
| १५.६४ | विविध सिफारिस दस्तुर माथि उल्लेख नभएको हकमा | २५० |
| १६ | **व्यक्तिगत घटना दस्तुर १४२४४** | |

रिता कुमारी शाहि

अध्यक्ष

अनुसूची-११

दफा १२ संग सम्बन्धित

सेवा शुल्क, दस्तुर

अन्य सेवा शुल्क तथा बिक्री १४२१९

| क.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| १६.१ | जन्म, मृत्यु, बसाईसराई, विवाह प्रमाणित दस्तुर (पञ्जिकरण सेवा सुरुहुनु पुर्वको हकमा मात्र) | ५०० |
| १६.२ | व्यक्तिगत घटना दर्ता दस्तुर (३५ दिन कटेको खण्डमा) | २०० |
| १६.३ | व्यक्तिगत घटना दर्ता दस्तुर प्रतिलिपी | ५०० |
| १७ | **नाता प्रमाणित दस्तुर १४२४५** | |
| १७.१ | नाता प्रमाणित | ३०० |
| १७.२ | मृतक सँगको नाता प्रमाणित | ३०० |
| १७.३ | मृतक सँगको नाता प्रमाणित (सर्जमिन सहित) | ५०० |
| १८ | **उपभोक्ता/निर्माण व्यावसायी सम्झौता तथा भुक्तानी सिफारिस दस्तुर** | |
| १८.१ | ५ लाख सम्मको सम्झौता सिफारिस | ३०० |
| १८.२ | ५ लाख सम्म भुक्तानी सिफारिस | ३०० |
| १८.३ | ५ देखि १० लाख सम्म सम्झौता सिफारिस | ६०० |
| १८.४ | ५ देखि १० लाख सम्म भुक्तानी सिफारिस | ६०० |
| १८.५ | १० लाख देखि २५ लाख सम्म सम्झौता सिफारिस | १००० |
| १८.६ | १० लाख देखि २५ लाख सम्म भुक्तानी सिफारिस | १००० |
| १८.७ | २५ लाख देखि ५० लाख सम्म सम्झौता सिफारिस | १५०० |
| १८.८ | २५ लाख देखि ५० लाख सम्म भुक्तानी सिफारिस | १५०० |
| १८.९ | ५० देखि १ करोड सम्म सम्झौता सिफारिस | २००० |
| १८.१ | ५० देखि १ करोड सम्म भुक्तानी सिफारिस | २००० |
| १९ | **सरकारी प्रति जग्गामा भएको ढुङ्गा र गिट्टी उत्खनन्** | |
| १९.१ | प्रति ट्रिप हेभी टिप्पर ट्रक | ५०० |
| १९.२ | प्रति ट्रिप मिनि ट्रक सानो | ४०० |
| १९.३ | प्रति ट्रिप ट्र्याकटर | ३०० |
| २० | **सरकारी प्रति जग्गामा भएको बालुवा र माटो उत्खनन्** | |
| २०.१ | प्रति ट्रिप हेभी टिप्पर ट्रक | १५०० |
| २०.२ | प्रति ट्रिप मिनि ट्रक सानो | १२०० |
| २०.३ | प्रति ट्रिप ट्र्याकटर | ८०० |
| २१ | **जे सि भि भाडा दस्तुर** | |
| २१.१ | जे सि भि भाडा गाउँपालिका भित्र इन्धन सहित प्रति घण्टा | ३५०० |
| २२ | **सिलेट ढुङ्गा निर्यात** | |
| २२.१ | प्रति ट्याक्टर | ५०० |
| २२.२ | प्रति मिनि ट्रक | १००० |
| २२.३ | प्रति हेभि ट्रक | १५०० |

रिता कुमारी शाही
अध्यक्ष

अनुसूची-१२

दफा १३ संग सम्बन्धित

पर्यटन शुल्क

| क्र.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| १ | पर्यटन शुल्क (प्रति व्यक्ति) | २० |
| | | |

रिता कुमारी शाही
अध्यक्ष

अनुसूची १३

दफा १४ संग सम्बन्धित

ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर शुल्क

| क.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| १ | ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर शुल्क | २० |

रिता कुमारी शाही
अध्यक्ष

अनुसूची १४

दफा १५ को उपदफा १ र दफा १६ को उपदफा ५ संग सम्बन्धित

दण्ड जरिवाना तथा छुट

| क.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| १ | भुमि तथा मालपोत, सम्पत्ति कर, घर कर र व्यवसायिक कर असुल गर्दा तपसिल बमोजिम छुट तथा जरिवाना दिने । | |
| १.१ | आ.व.को पहिलो महिनामा बुझाउन आउने करदाताहरुलाई १० प्रतिशत छुट दिइनेछ । | |
| १.४ | गत वर्षको कर तिर्न बाकि रहेका करदाताहरुलाई श्रावण महिना देखि कर तिर्न आएमा १० प्रतिशतले जरिवाना लगाइनेछ । | |
| १.५ | तेस्रो वर्ष कर तिर्न आउनेलाई २० प्रतिशतले थप जरिवाना लगाइनेछ । | |
| १.६ | चौथो आ.व. देखि माथि सम्मको नबुझाएकोलाई ३५ प्रतिशत थप जरिवाना लगाइनेछ । | |
| २ | एउटै पसल भित्र मिल्दाजुल्दा सामानहरु राखि व्यवसाय सञ्चालन गरिरहेका व्यवसायिहरुको करको दर कायम गर्दा पसलमा ठुलो परिमाणमा रहेको सामग्रीलाई आधार मानि एउटै करको दर कायम गरिनेछ तर आधिकारीक डिलर लिई व्यवसाय सञ्चालन गरेको हकमा भने डिलरको आधारमा अलग अलग कर बुझाउनु पर्नेछ । | |
| ३ | पशु चौपाया छाडा छोडेर वा निर्माण सामाग्री सडकमा राखेर सडक अवरोध गरेमा | |
| ३.१ | सडक छेउमा निर्माण सामग्री राखेर वा सडकको नालीमा सामाग्री राखेर तथा पशु चौपाय वाधी सडक अवरोध गरेमा पहिलो पटकलाई | ५०० |
| ३.२ | सडक छेउमा निर्माण सामग्री राखेर वा सडकको नालीमा सामाग्री राखेर तथा पशु चौपाय वाधी सडक अवरोध गरेमा दोस्रो पटकलाई | १००० |
| ३.३ | सडक छेउमा निर्माण सामग्री राखेर वा सडकको नालीमा सामाग्री राखेर तथा पशु चौपाय वाधी सडक अवरोध गरेमा तेस्रो पटक वा सो भन्दा बढी | १५०० |
| ४ | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रि वितरण गरेमा | |
| ४.१ | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रि वितरण गरेको पाईएमा पहिलो पटकलाई | ३००० |

... कुमारी शाही
अध्यक्ष

अनुसूची १४

दफा १५ को उपदफा १ र दफा १६ को उपदफा ५ संग सम्बन्धित

दण्ड जरिवाना तथा छुट

| क्र.सं. | विवरण | रकम रु. २०८३/०८४ |
|---|---|---|
| ४.२ | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रि वितरण गरेको पाईएमा दोस्रो पटकलाई | ५००० |
| ४.३ | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रि वितरण गरेको पाईएमा तेस्रो पटक वा सो भन्दा बढी | १०००० |
| ५ | **आफ्नो घर,पसल,उद्योग अगाडीको सडक तथा आगन स्वयम् सफा राखुपर्नेछ। तोकिएको मापदण्ड विपरीत फोहोर गरेको पाईएमा निम्न बमोजिम जरिवाना लगाईनेछ ।** | |
| ५.१ | प्रथम पटकलाई | २५० |
| ५.२ | दोस्रो पटकलाई | ५०० |
| ५.३ | तेस्रो पटक वा सो भन्दा बढी | १००० |
| ६ | **गाउँपालिकाको नियम पालना नगरेमा वा गाउँपालिकाको निर्देशन अटेर गरेमा** | |
| ६.१ | प्रथम पटकलांई | ५०० |
| ६.२ | दोस्रो पटकलाई | २५०० |
| ६.३ | तेस्रो पटक वा सो भन्दा वढी | ५००० |
| ७ | **नदीजन्य पदार्थ उत्खनन तथा ओसार पसार सम्बन्धमा** | |
| ७.१ | अनुमति विना नदीजन्य पदार्थ उत्खनन गरेमा प्रति ट्रयाक्टर | ८००० |
| ७.२ | अनुमति विना नदीजन्य पदार्थ उत्खनन गरेमा प्रति टिप्पर (६ चक्के) | १२००० |
| ७ | अनुमति विना नदीजन्य पदार्थ उत्खनन गरेमा प्रति टिप्पर (१० चक्के) | १६००० |
| ७.४ | अनुमति विना घाटमा प्रवेश गरी नदीजन्य पदार्थ उत्खनन गरेमा हेभि सवारी | ५०००० |

रिता कुमारी शाही
अध्यक्ष